<u>**सूचना प्रविधि प्रणालीको विकास तथा परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स्, २०८२**</u>

**<u>प्रस्तावना:</u>** सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स् तयार गरेको भए त्यस्तो नर्म्स्लाई समेत आधार लिनु पर्ने भन्ने व्यवस्था गरेको सन्दर्भमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मन्त्रालय सम्बद्ध निकायहरुको लागि सफ्टवेयर प्रणाली विकासको लागत अनुमान सम्बन्धी नर्म्स् तयार गर्न वाञ्छनीय भएकोले,

*सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी* सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले यो नर्म्स् (Norms) बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः-</u>** (१) यस नर्म्सको नाम " सूचना प्रविधि प्रणालीको विकास तथा परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स्, २०८२" रहेको छ।

(२) यो नर्म्स् तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>शैक्षिक योग्यता, अनुभव र पारिश्रमिकको निर्धारणः</u>** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मन्त्रालय ससम्बद्ध निकायहरुको लागि सफ्टवेयर प्रणाली विकास तथा परामर्श सेवा लिने क्रममा प्रयोग हुने सम्भावित जनशक्तिको शैक्षिक योग्यता, अनुभव र पारिश्रमिकको निर्धारण तालिका -१ बमोजिम हुनेछ।

तालिका -१

| S.N. | Expert Category | Minimum Qualification & Certification* | Minimum Experience (Years) | Rate (NPR Per Month) for FY 2082/83 |
|---|---|---|---|---|
| 1 | Team Leader / Project Manager | Master's degree in IT | 5 | 200000 |
| 2 | SOC Analyst (L3)/ Digital Forensics Analyst/ Threat Intelligence Specialist | Bachelor's in IT with relevant Certification | 5 | 172000 |
| 3 | System Architect / Analyst | Bachelor's in IT and relevant Certification | 5 | 160000 |
| 3 | Senior Database Designer | Bachelors in IT with relevant Certification | 5 | 140000 |
| 4 | Senior Software / Web/ iOS/ Android Developer | Bachelor's in IT | 5 | 140000 |
| 5 | Cloud & Infrastructure Expert | Bachelor's in IT with relevant certification | 5 | 125000 |
| 6 | API Developer | Bachelor's in IT | 3 | 125000 |

| | | | | |
|---|---|---|---|---|
| 7 | Vulnerability assessor / Ethical Hacker/ Application Security Engineer/ Threat Analyst | Bachelor's in IT with relevant Certification | 2 | 110000 |
| 8 | Information Security Officer/ SOC Analyst (L2) / Incident Response Specialist | Bachelor's in IT with relevant certification | 3 | 105000 |
| 9 | Database Administrator | Bachelors in IT with relevant Certification | 3 | 90000 |
| 10 | Quality Assurance Analyst, Software Tester, IT Auditor | Bachelor's in IT with relevant certification | 3 | 90000 |
| 11 | System / Network Administrator | Bachelor's in IT with Network / System Certification | 3 | 90000 |
| 12 | Software / Web / Android/ iOS Developer/Designer/ Training Specialist | Bachelor's in IT | 2 | 80000 |
| 13 | Security Operations Center (SOC) Analyst (L1) | Bachelor's in IT with related certification | 1 | 65000 |
| 14 | Junior Developer | 12 or Equivalent with major in IT | - | 40000 |
| ***आवश्यक Certification को सम्बन्धमा सम्बन्धित निकायले कार्यक्षेत्रगत शर्तमा उल्लेख गर्नुपर्नेछ।** | | | | |

१ सार्वजनिक निकायले विकास गर्न लागेको सफ्टवेयर प्रणालीको प्रकृति अनुसार माथिको तालिकामा उल्लेख भएका विभिन्न जनशक्तिहरु मध्ये आवश्यकतानुसार उपयुक्त जनशक्तिको छनौट गर्नुपर्नेछ। सो बाहेकको कुनै जनशक्ति आवश्यक पर्ने भएमा तालिका १ मा उल्लेख भएका विभिन्न जनशक्तिहरुसँग मिल्दोजुल्दो जनशक्तिको पारिश्रमिक छनौट गरी लागत अनुमान तयार गर्न सकिनेछ।

२ सफ्टवेयर प्रणालीको वार्षिक मर्मतसम्भारको लागि आवश्यक जनशक्तिको लागत निर्धारण गर्दा सफ्टवेयर प्रणाली विकास गर्दा लागेको खुद लागतको २० प्रतिशतले हुन आउने रकममा नबढ्ने गरी लागत अनुमान गर्नुपर्नेछ।

३ सरकारी तथा सार्वजनिक निकायले सफ्टवयर निर्माण गर्दा/परामर्श सेवा लिंदा यो नर्म्सको प्रयोग गर्न सक्नेछन्। यो नर्म्सको आधार मानी कुनै सार्वजनिक निकायले विकास गरेको सफ्टवेयर प्रणालीको विवरण सूचना प्रविधि विभागले विकास गरेको विद्युतीय प्रणालीमा अध्यावधिक गर्नुपर्नेछ।